बाल प्रतिभा प्रस्फूटनका लागि समर्पित

# बाल उद्यान

अर्ध-वार्षिक पत्रिका



वर्ष: १२ अंक: २ डिसेम्बर २०१८



बाल सरोकार समूह

# लू निभा: फोटो प्रोफाइल





# सम्पादकीय


**सल्लाहकार**
नरेन्द्र डंगोल
सन्तराम डंगोल

**सम्पादक**
चिरीकाजी डंगोल

**शुद्धाशुद्धि (नेपाली)**
बाबुराम सिं थापा

**सम्पादन सहयोगी**
योगेन्द्र श्रेष्ठ
सोनिया आचार्य

**कानुनी सल्लाहकार**
कृष्णगोविन्द महर्जन

**मुद्रण**
पेश क्रियशन

**प्रकाशक**
लू निभाः बालसरोकार समूह
सैंबु १, ललितपुर
पो.ब.नं ८९७५, इ.पी.सी. २१२७, काठमाडौं
फोन नं: ५५९२०५४, ५५९१४२६
फ्याक्स : ५५९१३२९
ईमेल: info@loonivachild.org.np

**प्रकाशन सहयोग**
इन्टरपेडिया, फिनल्याण्ड
फिनल्याण्ड विदेश मन्त्रालय


# शारदारमण नेपालको नजरमा बाल साहित्य ...

हामीमध्ये कतिलाई अझैपनि लागि रहन्छ बालसाहित्य भनेको बालकले लेखेको साहित्य हो, बालसाहित्य हो, कलिलो र कमजोर साहित्य हो, विधि नपुगेको साहित्य हो, खेलाँची साहित्य हो, केटाकेटी अल्मल्याउने साहित्य हो आदि । यर्थाथमा, बालसाहित्य त्यस्तो होईन । जुन उमेरका लेखक-लेखिकाले पनि बालसाहित्य भनेको बालबालिकाको मानसिक, बौद्धिक विकासका साथै शारीरिक विकासमा पनि चाहिँदो मद्दत पुर्‍याउन आवश्यक प्रवोधा प्रद उपयुक्त विषय चयन गरी सजिलो शब्द, मिठो भाव, सुमधुर कल्पनाको समन्वयका साथै बालबालिकालाई जहिले पनि पढुँ-पढुँ, सुनुँ-सुनुँ लाग्ने किसिमबाट कतै कुनै कमी हुन नदिई जिम्मेवारीपूर्वक तयार पारिएको ललित साहित्य हो । बालसाहित्य बालबालिकाको आदर र प्रशंसामा लेखिने साहित्य हो । बालसाहित्य सुमुधुर भावनाको खेती हो, कोमल कल्पनाको उडान हो र नयाँपुस्तामा वुद्धिविवेक हस्तान्तरणको कलात्मक प्रयत्न पनि हो ।

बालबालिकाको स्वास्थ्य, मनोरञ्जन र एवं प्रगतिको लागि जागुरुकता र कलाको सन्तुलनपूर्ण संयोजनबाट निर्मित साहित्यिक बाङ्मय बालसाहित्य हो । जस्तै कविता, काव्य, नाटक, कथा, उपन्यास र निबन्ध सबै विधिमा बालसाहित्य अटाउन सक्छ । रोचक ढंगले प्रस्तुत गर्न सके समालोचना पनि बालसाहित्यमा अटाउँन सक्छ। बालबालिकामा समालोचना गर्ने चेतना यथेष्ट मात्रामा हुन्छ । उनीहरु प्रशंसा आलोचना सुन्न र त्यसमा रस लिन सक्छन् । नहिचकिचाईकन राम्रालाई राम्रो र नराम्रोलाई नराम्रो भन्न सक्छन् । मन परे नपरेका आधारमा स्वीकार र अस्वीकार गर्न सक्छन् । शिक्षण सिकाईका कोणबाट हेर्दा बाल मनमस्तिष्क अनुकूल सहज सरल शब्द शैलीमा पस्कन सके बालबालिकाहरु जस्तोसुकै ज्ञान र सीप पनि ग्रहण गर्न सक्छन् ।




बाल मानसिकता अनुकूल रोचक र हितकारी छन् भने गाथा, गीत मात्र होइन, लोककथा, दन्त्यकथा, परीकथा, नीतिकथा, बोधकथा, दृष्टान्तकथा, यात्रा बृत्तान्त स्थानपरिचय र रिपोर्ताज आदि पनि बालसाहित्य बन्न सक्छन् । परीकथा र नीतिकथा त अझ बिशिष्ठ बालसाहित्य नै मानिन्छ ।

बालबालिकाको उमेर समूहका आधारमा बालसाहित्यको बिषयबस्तु र प्रस्तुति आवश्यक छ। एकै किसिमका साहित्य सबै उमेरका बालबालिकाका लागि उपयुक्त हुँदैन भन्ने तर्क अहिले बढी चल्तीमा छ। भाषा सहज र प्रस्तुति रोचक छ भने एउटै बालसाहित्य सबै उमेर समूहका बालबालिकाका लागि उपयुक्त हुन्छ। हुनुपर्ने पनि यही हो भन्नेहरु पनि छन्। यसै त, बालसाहित्य प्रौढहरुको लागि पनि पठनीय साहित्य हो । युग परिवेश र आवश्यकतानुसार बालसाहित्य फरक-फरक हुन्छ। त्यसैले बालसाहित्य जीवन संघर्ष अनुकूल हुनु पर्दछ। बालसाहित्य मनोरञ्जन र ज्ञान बृद्धिको अद्वितीय माध्यम हो । बालसाहित्यको प्रभावकारिता र सौन्दर्यको कसी पनि हो । राम्रो बालसाहित्यमा ठुलाबडाले पनि नजानेका, नबुझेका गहन नीतिहरु हुन सक्छन, जसले बालबालिकामा सत्य, न्याय र विवेक प्रति आस्था जगाउने, र हुर्काउने कार्य गर्न सक्छ । यो बालसाहित्यको अपेक्षा नै हो भन्न सक्दछौं ।

# विषय-सूची


| विषय | पेज नं. | विषय | पेज नं. |
|---|---|---|---|
| सर्वोत्तम ज्ञान कहाँ पाउने ? (लेख) | ५ | बालबालिकाको इच्छा (कविता) | २७ |
| समस्या (कविता) | ८ | छोरीको पिडा (कविता) | २८ |
| मेरो गाउँ (कविता) | ९ | भेदभाव (कविता) | २९ |
| सरस्वती (कविता) | १० | बालअधिकार (कविता) | २९ |
| मज्जाको जोक्स !!! | ११ | सिक (कविता) | ३० |
| बालअधिकार (कविता) | १२ | नबस साथी (कविता) | ३१ |
| गुरुको महिमा (कविता) | १२ | हरेश नखाऔं (कविता) | ३१ |
| विद्यार्थी जीवनमा अनुशासनको महत्व (लेख) | १३ | नेपालको जनतालाई खानी भइसके (कविता) | ३२ |
| समाजमा विद्यार्थीको भूमिका (लेख) | १४ | बालअधिकार (कविता) | ३२ |
| हाम्रो देश नेपाल (कविता) | १५ | शिक्षाको महत्व (कविता) | ३३ |
| **कविता** | १६ | गीत (कविता) | ३४ |
| **कविता** | १७ | देशको मुहार (कविता) | ३५ |
| आफ्नो पीडा (कविता) | १८ | बालअधिकार (कविता) | ३५ |
| नेपालकी छोरी हुँ म (कविता) | १८ | Spot the Difference | ३६ |
| बालअधिकार (कविता) | १९ | Winter Word Puzzle | ३७ |
| **कविता** | २० | बालअधिकार (कविता) | ३८ |
| बालअधिकार (कविता) | २० | How to make Peacock | ३९ |
| The Lion, the Fox and the Hyena (कथा) | २१ | बालअधिकार (कविता) | ४० |
| Intresting Facts | २३ | आमा (कविता) | ४० |
| Art Gallery | २४ | Hidden Picture | ४१ |
| **कविता** | २५ | बालअधिकार (कविता) | ४२ |
| बालदिवस (कविता) | २६ | चित्रमा सुहाउँदो रंग भर | ४३ |
| बिक्रम संवत् २०७२ साल (कविता) | २६ | बाटो पत्ता लगाउ | ४४ |
| शिक्षा (कविता) | २७ | | |


**प्रकाशित सामग्रीबारे :**

*लू निभा: बाल सरोकार समूहले नियमित प्रकाशित गर्दै आएको अर्ध वार्षिक बालपत्रिका 'बाल उद्यान'मा प्रकाशित लेख रचना तथा सिर्जनाहरू कसैले आफ्नो नाम राखी पठाएमा पठाउने स्वयम् नै जिम्मेवार हुनु पर्ने सूचित गर्दछौं ।*

सम्पादन मण्डल, बाल उद्यान पत्रिका

# सर्वोत्तम ज्ञान कहाँ पाउने ?

**महेन्द्र पी. लामा**

पढ्न सक्नेहरुका निम्ति किताब साथी हो । टिस्टा, रंगीत र सुनकोशीको अविरल गतिझैं । यो सदैव हामी अघि बगिरहेको नै हुन्छ । कसैले यसलाई पिउँछ, कोही यसमा चुर्लुम्म डुबेर अलौकिक आनन्द लिन्छ भने धेरैजसोले यसभित्र रहेको माछा, ढुङ्गा, लेउ, बालुवा आदिमा चासो लिन्छन् र कहिल्यै नसुन्ने, विश्वासको कुनाकुनामा रहेका विवेकशील प्राणीलाई सदैव विक्षिप्त पार्ने । किताबले ज्ञान दिन्छ, विश्व घुमाउँछ, इतिहास बोक्छ, भविष्य पुकार्छ, प्रत्येक व्यक्ति र समाजको सर्वाङ्गिण विकास गर्छ र मानवमाझमा सामञ्जस्य एवम् समानता ल्याउँछ । पुस्तकको सदुपयोगमा विश्व सभ्यता धेरै मात्रामा बाँचेको छ भने यसैको दुरुपयोगमा विश्वमा सत्यानाश संहार पनि आउन सक्छ । कारण पुस्तकभित्र खोज हुन्छ, विचारधारा हुन्छ, टेक्नोलजी र विज्ञान हुन्छ, विकासका कारक र समाजका सूचक पनि हुन्छन् । कार्लमार्क्सको दास क्यापिटल, गोर्कीको द मदर, रवीन्द्रनाथ ठाकुरको गीताञ्जली, देवकोटाको मुनामदन, आदम स्मिथको वेल्थ अफ नेशन, कोनिङको हन्ड्रेड ग्रेट मोडर्न लाइभ्स, नेहरुको डिस्कभरी अफ इन्डिया आइज्याक



न्युटनको प्रिन्सिपिया आदि किताबहरु विश्वका कुनाकुनामा रहेका खहरे र झर्ना हुन् । सौन्दर्यमय, विक्षिप्त पार्ने, मन छुने अनि अविस्मरणीय । एकपल्ट पढेपछि कसले भुल्न सक्छ विश्वेश्वरप्रसाद कोईरालाकी सुम्निमा, अगाथा क्रिस्टीको हर्कुलश पोइरो, राउलिङको ह्यारी पोर्टर र आर.के. नारायणको स्वामी जस्ता पात्रपात्राहरुलाई ? पढ्न सक्ने सबैको अन्तर्यहरुलाई छोएको नै हुन्छ ।

के कुरामाथि पुस्तक छैन ? अर्थात् मानव समाजले ज्ञान पाएको, पाउन लागेको र अप्राप्त कुरोमा समेत पुस्तक पाइन्छ । एउटा अनुभव, अर्को खोज र अझै अर्को कल्पना सबै सबैलाई समेटेर लेखिएको पुस्तक । कसैले जर्मन भाषामा, कसैले संस्कृत र कसैले तिब्बतीमा लेखेका यी पुस्तकहरु नै हुन् विश्व र राष्ट्र, समाज, परिवारका वंशानुक्रमका आधारहरु । किताब पढ्नु, पढेर बुझ्नु, आनन्द लिनु र फेरि समालेर राख्नुमा जति सन्तुष्टि प्राप्त हुन्छ शायद, त्यो कुनै भौतिक तत्वले हामीलाई दिनै सक्तैन । सामसुङको फ्रीज, जागुआर गाडी र अर्काइभको संगीत क्षेत्रले भन्दा बढ्ता पुस्तकले आनन्द दिन्छ, यदि ठीक पुस्तक समय र उमेरमा पढ्न पाएको खण्डमा ।

पुस्तक पढ्ने कुरामा भने सायद तीन विशेष विषयमा ध्यान दिनुपर्छ । पहिला त पुस्तक पढ्ने वातावरण हुनु पर्‍यो । मातापिताले छोरोछोरीको अघि सानै उमेरदेखि केही पुस्तकहरु पढेर देखाउनु पर्‍यो । नानीहरुलाई ससाना चाख लाग्दा पुस्तकहरु किनेर ल्याइदिनु पर्‍यो । नानीहरुलाई पढ्ने संसारसँग परिचय गराउने ।

दोस्रो, स्कूल जाने नानीहरुलाई सबै विषयमा केही न केही सिकाउन पढाउनै पर्‍यो । क्रिकेट, सिनेमा, भूगोल, खानपिन, कम्प्युटर, संगीत, कथा आदि कुराहरु त जान्न चाहन्छन् । तिनीहरुको जिज्ञासालाई मिच्नु हुँदैन । कौतुहललाई प्रशंसा गर्नुपर्छ । यहींनेर खाँचो पर्छ पुस्तकको । नानीहरु जान्न चाहन्छन्, छोटो समयमा धेरै कुरा । मातापितामा भने समय, धैर्य र सायद ज्ञान पनि नहोला । यो कलिलो उमेरमा नानीहरुलाई केवल पढ्ने आदत गराउनु पर्‍यो, एक ठाउँमा बसि ध्यान दिने बनाउनु पर्‍यो । कमिक्स हुन्छ कि, पत्रपत्रिका हुन्छ कि पुस्तक हुन्छ, एक पल्ट पढ्ने आदत बसेपछि, नशा लागेझैं त्यस नानीले गर्छ । पुस्तक पढ्ने आदत यसरी बस्छ । अनि तेस्रो, पुस्तकहरुको स्याहारसुसार गर्नु पर्‍यो । तपाईं हाम्रो घरमा जति नै आधुनिक सरसामानहरु थुपारे पनि, जबसम्म त्यहाँ एक दुई लहर पुस्तक हुँदैनन्, तबसम्म त्यो घर सम्पूर्ण घर हुदैन । पुस्तक राख्नु पर्‍यो, राख्नलाई मातापिताले छोराछोरीलाई मेलोमेसो देखाउनु पर्‍यो । यसरी नै पुस्तक अध्ययन एउटा सग्लो परम्परा बसेर जान्छ, परिवारको स्वस्थ विकास हुन्छ र कुलको रक्षा हुन्छ ।

अन्य जातिहरुवाट हामीले सिक्नु पर्ने कुरामा पुस्तक अध्ययनको परम्परा अति नै महत्वपूर्ण ठहर्छ । हामी धेरैमा पढ्ने परम्परा छ, तर यसलाई व्यापक रुप दिन सकेका छैनौं । यसको मूल कारण हो, हामी भारतीय, नेपाली वा नेपालका अधिकांश परिवारहरुमा पढाई, लेखाई गर्न सक्ने सायद यो पुस्ता हो । कतिपय परिवारमा त यो प्रथम पुस्ता मात्रै हो । बङ्गाली, मद्रासी, फ्रेन्च, अमेरिकीहरुमा भने यो पढाइ, लेखाइको काम साधारण जनसमूहमा पनि पुस्तौदेखि चलिआएको छ । यी जातिहरुले हरेक क्षेत्रमा गरेको प्रगतिको मूल कारण पनि यही हो । भारतमा हामी नेपालीहरुले गत दुई दशकमा मुख्य मन्त्री र डाक्टरेटरहरु बनायौं, अरु जातिले यही कुरो कैयन् दशकअघि गरिसकेका थिए । अरुको दाँजोमा पुग्ने हो भने आज भारतीय नेपलीहरुले ज्ञानको बाटो नै अपनाउनु पर्‍यो । जति नै कठिन भए पनि यही बाटोनै स्थायी, सन्तोषजनक विषयको बाटो हो । सिक्नु पर्‍यो, दैवले साँचेसम्म । अझ कठिन कुरो त भनिएकै छैन । टेलिभिजन र ईन्टरनेटको बढ्दो संस्कृतिले हाम्रो पुस्तक पढ्ने परम्परालाई अझ कति आघात पुर्‍याउला । ठक्क थिच्ता पिलिक्क निस्किने जी, स्टार, बीबीसी, फेशन टीभी हेर्दा दुःखै गर्नु पर्दैन, सोच्नु नै पर्दैन । सलल आउँछ बेग्लाबेग्लै रुप रंग, भाषा र विषय लिएर । सचेत त यसले बनाउँछ नै सबैलाई । तर टीभी समेतमा केवल प्रेम– प्रीति र ढ्यासाम–ढुसुम मात्रै हेर्ने मनोभावना हुनु र लत लाग्नु नै सभ्य समाजदेखि टाढिँदै जानु हो ।

यी आधुनिक माध्यमहरुले तपाई हामीलाई ज्ञान, तथ्य सूचना त दिन्छन् तर अपनत्वबाट वञ्चित पनि गराउँछन् । यी माध्यमहरुले आकर्षण, सहज र तयारी कुरो हामी अघि राख्छन्, तर पुस्तक भने खोज्नु पर्‍यो, किन्नुपर्‍यो र पढ्नुपर्‍यो आफैंले । यो एउटा ठूलो अन्योलमा हामी पर्दैछौं । कसले, कसरी सन्तुलन ल्याउने र सामञ्जस्य अघि राख्ने ! भारतीय समाजमा यो विषयमा निकै व्यापक चर्चा छेडिँदै छ ।

यो अन्योलमा नपर्नलाई र समाज, परिवारमा एउटा स्वस्थ विकासको खुट्किलो बनाउनलाई नानीहरुलाई सानैदेखि पढ्ने आदत गराउनु हो । आदत बसे पुस्तक त पढिहाल्छन् नि ! नेपालमा साझा प्रकाशन, भारतमा नेशनल बुक ट्रस्ट आदिले यस्तै कुरामा बढी ध्यान दिँदै आएका छन् । राम्राराम्रा चाखलाग्दा विषयहरुमा किताबहरु छापी, पुस्तक प्रर्दशन गरी, गाउँगाउँमा पुस्तक वाहनहरु लागि नेशनल बुक ट्रस्टले राष्ट्रलाई एउटा ठूलो सेवा प्रदान गर्दै आएको छ । नेपाली पुस्तकहरु पनि ट्रस्टले प्रकाशित गर्दै आएको छ ।

किताब पढेर नै यस सांसारिक होडबाजीमा, यो लुछाचुँडीको समयमा हामीले केही दिन सक्छौं, केही र केही गर्न सक्छौं । किताबमा ज्ञान, सूचना, शक्ति सबै छ । किन समय फाल्ने एक कप चियामा घण्टौं बकमफुसे गफ, समाज र राष्ट्रको नाममा ।

**साभार : १– १५ साउन २०५८, हिमाल पाक्षिक**

# समस्या

लोडसेडिङ दिनको दिनै कति बढेको
पढ्ने मौका पाइन सर छैन पढेको ।

नचाहेर गृहकार्य नगरेको हैन
साँझ - बिहान घरको काम राती बत्ति छैन ।

घरै छैन भुकम्पले तहसनहस् गर्यो
बेन्च छैन स्कुलमा नि, पर्नु पिर पर्यो ।

बाबुआमा पढ्न भनि गर्नु हुन्छ कर
विजोग देख्दा घरमा गर्न थाल्छु काम धेर ।

सरकारले हाम्रो लागि सोची दिएदेखि
राम्रोसँग अध्ययन गर्न पाउँछु आजैदेखि

सरकार र नेताले विकास गरे भरी
राम्रो पढ्थेँ स्कूलको नामै राख्ने गरी ।

उज्वल घिमिरे
कक्षा : ८
कालीदेवि मावि, प्यूटार






# मेरो गाउँ

हरियो वन जङ्गलले ढाकिएको गाउँ
चैत, वैशाखमा लालीगुराँस फूल फुल्ने ठाउँ
खोला, नाला राम्रो लाग्छ राम्रो लाग्छ वन
संसारमा राम्रो भन्ने आफ्नै रैछ मन ।

रातोरातो माटोले पोतिएको घर
हरियाली जङ्गलमा पीपल र वर
मनै फुरुङ्ग पार्ने मेरो गाउँघरको चित्र
बसेको छ आश्राङ गाउँ मेरै मन भित्र ।

दु:ख पर्दा साथ दिने मेरै आश्राङ गाउँ
भारोपर्म मेलापात चलिरहने ठाउँ

गाउँ नै गाउँले भरिएको हाम्रो नेपाल
गाउँको विकास भए मात्र अग्लो हिमाल ।

शर्मिला ब्लोन
कक्षा : ९
विद्याधिश्वरी मावि, आश्राङ्



# मेरो गाउँ

*सुन्दर अनि रमाइलो मेरो सानो गाउँ*
*त्यही गाउँमा बस्ने गर्छु रेजिना हो नाउँ*

*जताततै हरियाली दूषित केही छैन*
*यो गाउँभन्दा राम्रो मैले अर्को गाउँ पाइन*

*यस्तै नै छ साथीहरू गुमराङ गाउँ हाम्रो*
*सफा पानी, स्वच्छ हावा वन जङ्गल छ राम्रो*

*ढकमक्क गुराँस फल्ने कार्थलीको वन*
*त्यही गाउँमा बसौँ साथी भन्छ मेरो मन*

रेजिना बञ्जारा
कक्षा : ६
श्री गुमराङ आधारभूत विद्यालय, ठूलादुर्लुङ



# सरस्वती

सफलताको शिखर चुम्न मिली अघि बढौँ
सगरमाथाको शिर छुन भोलि कतै चढौँ
देश विकास गर्न सबै लागि परौँ
पछाडि मात्र हैन साथी अघि सरौँ ।

भेदभाव र अन्धविश्वास जरैबाट फालौँ
देशको मुहार फेर्नलाई नयाँ कदम चालौँ
झगडा हैन एक अर्कामा सदभाव र सहयोग गरौँ
को आफ्नो को पराइ एक भइ मिली अघि सरौँ ।।

हिमाल, पहाड तराइ संगै जोडने कोसिस गरौँ
देशको अस्तित्वमा आँच आई परे नडराई मरौँ
धेरै जातका फूल छन् यहाँ एकै बगैँचामा भरौँ
आमा अनि सहिदको सपना साकार पारौँ ।।

वन जङ्गल चरा चुरुङ्गी जडिबुटीलाई बचाऔँ
नेपाल सुन्दर बगैँचा हो हराभरा बनाई सजाऔँ
होमस्टेको व्यवस्था गरी पर्यटन प्रवर्द्धन गरौँ
आर्थिक क्षेत्रमा सबल बन्न मिली अघि सरौँ ।।

विदेशमा हैन हामी स्वदेशमै केही गरौँ
देशको नाम उच्च बनाई गर्वका साथ मरौँ ।।



## FUN MATH !!

9 x 9 = 81
99 x 99 = 9801
999 x 999 = 998001
9999 x 9999 = 99980001
99999 x 99999 = 9999800001
999999 x 999999 = 999998000001
9999999 x 9999999 = 99999980000001
99999999 x 99999999 = 9999999800000001
999999999 x 999999999 = 999999998000000001

There are just four numbers (after 1) which are the sums of the cubes of their digits:

$$153 = 1^3 + 5^3 + 3^3$$
$$370 = 3^3 + 7^3 + 0^3$$
$$371 = 3^3 + 7^3 + 1^3$$
$$407 = 4^3 + 0^3 + 7^3$$

# मज्जाको जोक्स !!!

भगवानले दिएको सबै चीज छ
सम्पत्ति छ, इज्जत छ, सम्मान छ
बाल्टीन भरि पानी पनि छ
तर नुहाउने इच्छा छैन ।

---

एउटा बच्चाले किताब एकदमै ध्यान दिएर पढी रहेको थियो, जसको शिर्षक थियो "बच्चाहरुको पालन पोषण कसरी गर्ने ?"

**आमा** : हैन तैँले यो किताब किन पढ्दै छस हँ ?

**छोरो** : म यो जान्न चाहन्छु आमाकि मेरो पालन पोषण राम्रो सँग भई रहेको छ कि छैन भनेर ।

---

**बच्चा** : (पाहुनालाई) हजुर त निक्कै बेर यहाँ बसिरहनुहुन्छ हो ?

**पाहुना** : हो किन र बाबु ?

**बच्चा** : बुवा भन्नुहुन्छ पाहुना नजाउञ्जेल खाना खान नबस्ने रे ।

---

एकजना मुर्ख व्यक्ति डाक्टरकोमा आफ्नो दुबै कान पोलेर देखाउन गएछ । डाक्टरले सोधेछन् - तपाईंको दाँया कान कसरी पोल्यो ? मुर्खले जवाफ दिएछ - म Iron लाउदै थिएँ, त्यत्तिकैमा फोनको घण्टी बज्यो । मैले बिर्सेर फोनको सट्टा Iron कानमा राखेछु । डाक्टर : अनि बाँया कान कसरी पोलियो त ? मुर्ख : फोनको घण्टी फेरी बज्यो नि त डाक्टर साब ।






# बालअधिकार



*बालक पढ्ने बालअधिकार हो*
*हामी सबैले पढ्न पाउनु बालअधिकार हो*
*हामी सबै मिलेर पढ्छौँ, लेख्छौँ*
*सबै साथी मिलेर लेख्छौँ*

*हामी सबै मिलेर बस्छौँ*
*हामीलाई बालअधिकार चाहिन्छ*
*बालबालिका भएर पढ्न लेख्ने बानी गर्नु पर्दछ*
*हामी सबै बालबालिकाले पढ्न पाउनु पर्छ*
*म बालक पढेर धेरै ज्ञान सिक्न चाहन्छु*
*आज हामी सानासाना नानी भोलि बन्छौँ ज्ञानी ।*

*बालबालिका सबै जना आउछौँ ज्ञान सिक्न*
*हामी बालबालिका पढ्न नपाएमा, जिन्दगी अन्धकारमय हुन्छ ।*

**निर्मला रुम्बा**
बाल मनोरमा आधारभूत विद्यालय, आश्राङ्



# गुरुको महिमा

*मैले लेखें गुरु महत्व संस्कार भित्र बसी*
*लेख्न नपरोस् झुठा कविता लेख्दैछ कालो मसी*
*धेरै युग बिते अर्को युग भयो शुरु*
*मेरा लागि भित्री आँखा खुलाउने देउता सरी छन् गुरु ।*

*बाटो सुन्दर देखाउनुस् मलाई आफ्नै कलाले गरी*
*सधैँ अर्पि रहन्छु अब लौ गुरुलाई पुष्पाञ्जली*
*लाखौँ पारी तार्‍यौँ आफु भने जहाँको तहीँ बसी*
*धेरै छन् गुरु महिमा बुझ्दैछु अझ पछि ।*

**गृष्मा सञ्जेल**
बाल मनोरमा आधारभूत विद्यालय, आश्राङ्

# विद्यार्थी जीवनमा अनुशासनको महत्व

*विद्यार्थी जीवनमा अनुशासनको महत्व छ । अनुशासनले गर्दा नै मानिस असल चरित्रवान बन्न सक्छ । अनुशासनले मानिस सक्षम बनाउछ । आजका साना बालबालिका भोलि देशका कर्णधार हुन् । अनुशासन विद्यार्थीको लागि नभई नहुने एउटा पाटो हो । हामीले अनुशासन कायम गर्नु पर्छ । आफ्नो गाउँ, समाज र विद्यालयमा अनुशासन महत्व रहेको छ । हामीले सबै संग मिठो नम्र बोली बचन गर्नुपर्छ । कुनै पनि कार्य गर्दा अनुशासनको नियम पालना गरेर अनुशासनको दायित्व भित्र रहन सिक्नु पर्छ । हामीले जहाँ पनि, जहिले पनि अनुशासनको पालना गर्नु पर्छ । अनुशासन नभएको ब्यक्तिले सधैं नकारात्मक काम गर्छ । त्यसैले विद्यार्थी जीवनमा अनुशासनको महत्व रहेको हुन्छ ।*

**नामः सबिन बराम**
कक्षाः ९
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ



# समाजमा विद्यार्थीको भूमिका

*समाजमा विद्यार्थींको भूमिका यस प्रकार छ ।*
*असल समाज निर्माणको लागि विद्यार्थीं चाहिन्छ । विद्यार्थीं शिक्षित भयो भने समाजको विकास हुन्छ । समाज परिवर्तनमा विद्यार्थीं अपरिहार्य रहन्छ । विद्यार्थीं शिक्षित भयो भने देश नै शिक्षित हुन्छ । विद्यार्थींले समाजमा शिक्षाको ज्योति फैलाउँछ ।*

*विद्यार्थींले समाजमा जनचेतना फैलाउँछ । आफु शिक्षित भए गाउँका सबै शिक्षित हुन्छन्, त्यसैले समाजमा विद्यार्थींको महत्व छ । विद्यार्थींले समाज परिवर्तन गर्न पहिले आफु परिवर्तन हुनुपर्दछ । विद्यार्थींले छुवाछुत तथा भेदभाव हटाउँछ । विद्यार्थीं समाज विकासको प्रमुख पूर्वाधार हो । विद्यार्थींले समाज विकासको बारेमा अध्ययन गर्छ । त्यसैले समाजमा विद्यार्थींको ठूलो भुमिका रहन्छ ।*

**नामः समराज मोक्तान तामाङ लामा**
कक्षाः ९
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ



# हाम्रो देश नेपाल



*कल कल गर्ने झरना*
*चाँदी जस्तो हिमाल*
*सुन्दर रूप प्रकृतिको*
*हाम्रो देश नेपाल ।।*

*धानको बाला लहलह*
*हिमाल जस्तो आकाश*
*मिलिजुली आपसमा*
*गरौँ देशको विकास ।।*

*गुराँसका फुल फुल्दा*
*डाँफे मुनाल नाँच्छ*
*सुन्दर रूप प्रकृतिमा*
*हाम्रो देश हाँस्छ ।।*

*सानो रूप आकारमा*
*संस्कृति छ विशाल*
*प्रकृतिको उपहार*
*हाम्रो देश नेपाल ।*

**फूलमाया स्याङतान**
कक्षा : ८
नारायणी मावि, गिम्दी

DID YOU KNOW ?

**The white part of your fingernail is called the lunula.**



चारैतिर हरियाली कति राम्रो झार, सवै मिली भव्य बनाउँ दिवस यो वाल
उग्रतारा मन्दिरमा कति राम्रो वन, धैरै हाम्रा वालवालिका अशिक्षित नवनौं
कमजोर र नहुने लाई हात टेकी चढाउ, अशिक्षित  वालवालिकालाई स्कुलमा पढाउँ
अशिक्षित वालवालिका सवैलाई शिक्षित वनाउँ, गाउँघरमा छरिएको अन्धकार हटाऔं
गाउँघरका वालवालिका स्कुलमा पठाउँ स्कूलमा शिक्षकले राम्रो संग पढाऔं
सरकार के हेर्दैछ सडकमा वालवालिका छन, सवै मिली गरौ तिनिहरुको व्यवस्थापन
यत्रो वजेट आउँदा खेरी कता तिर जान्छ, वालवालिकाका अधिकार सबै कसले खान्छ
बाच्न पाउने खेल्ने पाउने हाम्रो अधिकार, सहभागिता संरक्षण यी हुन सवै चाल
आजको वालवालिका भोली ठुलो हुन्छ, राम्रो समाज पायो भने देशलाइ सेवा दिन्छ ।
छुटिटएको वालवालिका एकै ठाउमा मिलाउँ, सबै मिली उनीहरुलाइ अधिकार दिलाउँ ।

**चन्दन भट्ट**
वाल कल्याण वाल क्लव, पुइलेक, डडेल्धुरा











हे नेता ज्यू अब आउँदैछ चुनाव, वालवालिका प्रयोग नगरौं
फकाइ फुलाइ काममा लाउने छन, नेताको भरमा नपरौं
नटासौं साथी कसैको पोष्टर र पम्पलेट यहाँ नभरौं पानी खुवाउनलाइ
नलाउ कुरा कसैको वालअधिकार पाउनलाइ
पैसामा हामी लाइ किन्नेछन, अस्तित्व आफ्नो नगुमाउ
पुग्नु छ हामीले संसारमा, चुनावमा प्रयोग हुन्न नजाउ
बिदा छ यो बेला प्रचार प्रसारमा नलागौं यी नेताको डरले
हामी हरु तिनको काम गर्न नजाऔं
बर्षेनी वालवालिकाहरुलाई चुनावमा प्रयोग गर्छन भने
छोडने छैनौ हामीले तिनलाई, अधिकार हाम्रो हनन भयो भने
त्यसैले त हामीले होसियार बन्नुछ, हामीलाई प्रयोग नगर भनी नेता ज्यूलाई भन्नु छ ।

**सुरेश मल्ल**
कक्षा ८
भुवनेश्वरी आवि, चमशाल, डडेल्धुरा



# आफ्नो पीडा



*पीडा नै पीडाले सिर्जिएको मेरो जीवन
सुख भन्नु थाहा छैन
आजकालको जमानामा पनि
शिक्षा भन्ने थाहा छैन*

*पाइन अगाडि बढ्नलाई
सधैँ भरी घाँसदाउरा अनि मेलापात
कस्तो दु:ख पाएँ मैले सधैँ भरी नै
साथ दिने कोही छैन सबैले गर्छन् हेला
म त सधैँ जान्छु साथी डोको बोकी मेला
दिनको एक छाक खान पनि धौधौ पर्छ मलाई
शरीर ढाक्ने नाना छैन कहाँ पाउँछु पढ्न*

*सबै जना स्कुल जाँदा म त जान्छु वनमा
यस्तै रहेछ गरीबलाई सधैँभरि पीडा
हामीजस्तो गरीबले गाह्रो पर्‍यो पढ्न ।*

शिवानियाँ स्याङ्तान
श्री जनक मावि, गिम्दी

# नेपालकी छोरी हुँ म



*नेपालकी छोरी हुँ म
सिर्जना हो नाउँ
सुन्दर वनले घेरिएको
गिम्दी मेरो गाउँ*

*पढी लेखी म पनि त
देशको विकास गर्छु
हाँसी अनि हँसाइ हँसाई
देशका लागि मर्छु ।*

सिर्जना घिमिरे
श्री जनक मावि, गिम्दी

# वालअधिकार



*वालअधिकार भन्ने गर्छन हाम्रे अधिकार ।*
*ठुलाले नै गरिदिन्छन सानालाई तिरस्कार ।*
*वालअधिकार पाउछौं भनी हामी हुन्छौं खुसि*
*मार पिट गरि कन नबनौं आमा दुखी ।*
*आजका साना वालवालिका भोली फुल फुल्ने छौं*
*वुद्ध जस्तै ठुलो बनी देश विकासमा भुल्ने छौं ।*
*देशको रामो विकास गरे बच्ने छ हाम्रो अधिकार*
*पढाइदेउ नानी वावुलाइ यहि छ सवलाइ नमस्कार*
*सेवा गरे वालवालिकाको हुने छ देशको चमत्कार*
*यहीकुराले नै संसारमा वन्ने छौं हामी मिलन्सार*

**सरस्वती कुमारी माली**
कक्षा ६
गणेश मावि, वडाल, डडेल्धुरा



*आजका हामी साना नानी भोलि ठुलो बन्ने छौं*
*यही देशको विकास गर्ने हामीनै ज्ञान छर्ने छौं*
*वालअधिकारको सवैलाइ ज्ञानको ज्योति फैलाइदेउ*
*सानाछौं हामी कलिला मुना वालअधिकार दिलाइदेउ*
*ज्ञान त एउटा यस्तो चिज हो जसले परिवर्तन ल्याउँछ*
*असल ज्ञान पाए पछि मान्छेलाइ अघि वढाउँछ*
*खाली छ हाम्रो दिमाख ज्ञान र वुद्धि  भरिदेउ*
*ज्ञानको दियो जलाइ वालवालिकामा  छरिदेउ*

**मनोज ताम्राकार**
एकता वालसंजाल, गणेशपुर
अध्यक्ष

*वाल क्लवमा वसेर धेरै धेरै सिकें*
*आजका हामी वालवालिका वजारमा विकें ।*
*पलपल तपाइ हामी अव यहाँ गर्ने छैनौ दूख*
*गिट्टी फोडी वालुवा भरि पाइंदैन सुख ।*
*साना साना नानी वावु पढौं ज्ञानका कुरा*
*हाम्रो जीवन ज्ञानले भरी पारौ अव पुरा ।*
*भारतमा वालकहरु श्रम गर्न जान्छन*
*अलिकति गल्ति गरे धेरै पिटाइ खान्छन*
*श्रमिकहरु सधैंभरि गर्छन धेरै काम*
*पाउँदैनन कहिले पनि कामको राम्रो दाम ।*
*आउ दिदी वहिनी वालश्रम हटाऔं*
*वालश्रम गर्ने र गराउनेलाई कारवाही गराऔं ।*





**भास्कर भण्डारी**
कक्षा ७
एकता वाल संजाल, गणेशपुर

*साना साना रुखले जस्तै हामीहरुले गोडमेल गर्नु पर्छ*
*हे साथी भाइ हो स्कुलमा पढनु पर्छ ।*
*नलगाउ साना नानीलाई खेतमा काम गर्न ।*
*उनिहरुलाई पठाउनु पर्छ स्कूलमा पढ्न ।*
*सानाछंदा हामीहरुलाई नलगाउहै भाइवैनी हेर्न*
*ठुला भए सक्ने छैनौं स्कुल गइपढ्न ।*
*सानो छँदा चुलो चौका गाइ भैसि संग*
*हाम्रो वुद्धि कहाँबाट आउँछ, पहिले नै भंग ।*



**लक्ष्मी कुमारी माली**
कक्षा ३
लाटा गन्यप आवि, मालिगाँउ, डडेल्धुरा

# The Lion, the Fox and the Hyena

**Before you read story**

- Students go to school to learn, But we learn many things outside school. too.
- What lessons have your relation taught you?
- What have you learned from watchching other people?
- What have you learned from reading stories?

**Now read the story**

One day, the lion, the fox and the hyena went hunting together. They huntd from sunrise until sunset snd they met again in the eveing.

"What did you catch?"The fox asked the Hyena. "I caught a cow," said the hyena. "And you? What do you catch?

"I killed agoat," the fox answered." and I," Said the lion, I Caught a camel. And I am very tired, and I am going to sleep."

So the lion lay down and went to sleep.The hyena was tired. He wanted to sleep too.The hyena was tired. He want to sleep go too.But the fox said,"listen, My friend. You know the loin. He is big and strong. He always takes all the food.I will go hunting again. I will try to catch another animal.You and I can share it.But donot tell the lion. So the fox went woke up.



" I am hungry." he said. " I want to eat. Hey, you, hyena,what are you going to eat ? '
"Well," Said the hyena. " You killed the camel,sothe camel is yours. I caught the cow, so I can eat the cow. And the fox killed the goat, so the goat is his."
the lion was very angry.
"What?" he said."You stupid animal! You are going to keep the cow and the goat for yourself and the fox?"
"Why, yes,"Said the hyena. "I…"
"But you only killed the cow because you had my help,"the lion said,"She heaed my voice, and was frightened.Without me, you couldnot kill the cow.She's mine'"
"that's not fair," the hyena said." the cow belongs to….."
"Don't try to argue with me." roared the loin."The cow is mine!"
And he hit the hyena with his great paw.The hyena's head came off and flew up into a tree. The lion made a hole in the ground and buried the hyena's
*Yesterday, I thought you were a stupid anima,fox.why are you suddenly clever today ? " Well,"the fox said." yesterday I was only esing my own head. But just now I saw the head of the hyena.its helped me to think too!*
*The fox was hunting for a long time, but he did not catch anything. At last, he came back to find the loin and thehyena.On the way, he saw the hyena's headup in the tree.*
"Oho," thoughtthe fox.' I must be very careful." He ran up to the lion.
Aren't you hungry ? he said."When are you going to start eating?
"I'am waiting for you,"Said the lion."We hunted well today. Look at all this meat. Tell me, fox,which of it is for you, and which is for me?"
"Oh thank you ! Thank you,"Said the fox. It's very kind of you to ask my advice. You are the lion, the king of the forest! I'm only a poor, small fox. Ofcourse, you can eat anything you like. But you asked my advice, and here the cow for your lunch? Then you can have the goat for your supper."
"The lion was surprised.
"What about you?"He said. What are you going to eat?"
"Oh,"Said the fox." Don't worry about me. You eat first. Perhaps you'll leave a little bit. Perhaps there are some bits you don't like. I'll eat those."
"Hm,"said the lion."Yesterday, I thought you were a stupid animal, fox.Why are you suddenly clever today?"
"Well, "the fox said, "yesterday I was only using my own head. But just now I saw the head of the hyena, it helped me to think too!

*शिक्षक, फाल्गुन २०७३, साभार*

# Some Intresting Facts

- you use 200 muscle to take one step
- Your teeth starts growing 6months before you are born
- According to various international Studies, the world's most popular colour is blue
- on an average a women's skin weights approximately 3 kg, while that of the man weights around 5 kg.
- The human being is born with nearly 300 bones but dies with only 206 bones in the body


















# ART GALLERY


















*कोपिला हौ हामी सबै फक्नु छ भोली*
*नटिप्नु है लाग्ला पाप सराप लाग्ला भोली ।*
*वालअधिकार आयो भन्छन खोइ कहाँ आयो*
*अधिकार त पाउनु पर्ने तर खै कस्ले पायो ।*
*खाते भनी हेप्छन कुटछन खै त अधिकार*
*आखाँ बाट आँसु खस्यो पाउँदा दुर्व्यहार ।*

**सीता भण्डारी**
बेताल वालक्लव मुद्राड समैजी
उपाध्यक्ष





DID YOU KNOW ?

**Emus cannot walk backwards.**

# बालदिवस



*आजको सानोकोपिला भोलिको हो फूल*
*बालबालिकालाई दुःख दिने नगर्नु है भुल*

*मनाइन्छ बालदिवस, भदौ २९ गतेका दिन*
*बालअधिकार नपाएकालाई नगर्नु है घिन*

*मनाइन्छ यो दिन हटाइ पीडा, दुःख*
*यसरी नै सुरु हुन्छ बालबालिकाको सुख*

*सडकमा बसेका बालबालिकालाई हेर*
*खै कहाँ छ अधिकार ? जीवन गयो खेर*

*हामी आफै खोस्दैछौँ बालअधिकार*
*अब हामीले सम्झनुपर्छ सबैको सरोकार*

स्वीकृति सञ्जेल
कक्षा १०
श्री नारायणी मावि, गिम्दी, ललितपुर

# बिक्रम संवत् २०७२ साल

*बि.सं.२०७२ सालमा दुःख कष्ट भयो*
*देश भरी ठूलो सानो भूकम्प पो गयो*

*११ बजे ५६ मिनेट जाँदा महामारी आयो*
*त्यतिबेला हजारौंको मृत्यु पनि भयो*



*त्यो दिन थियो कालो मैलो*
*रात  पनि कालो*

*त्यतिबेला धर्ती हिमाल*
*काम्न पो थाल्यो*

*दुःख धेरै थपिएर*
*मनमा चोट पर्‍यो*

सजिना बञ्जारा
ठूलादुर्लुङ

# शिक्षा



*शिक्षा नै हो जीवनज्योति जगमगाउन सक्छ*
*गुलाबको सुवासझैँ मगमगाउन सक्छ ।*
*मर्यादित र अनुशासित बन्न लगाउँछ*
*नबुझ्नेको जिन्दगीमा खोला बगाउँछ ।*

*त्यसैले त सबैजना लगनशील बनी*
*शिक्षा लिन सकेपछि बन्छन् नि धनी ।*
*शिक्षा लिन जुटौँ हामी उद्देश्यको धोको*
*शिक्षित भई बसौँ हामी नबसौँ है भोको ।*

*सबै मिलि तोड्नु पर्छ अज्ञानताको रीत*
*सबै मिली गाउनु पर्छ चेतनाको गीत ।*
*नेपाली हौँ सबै हामी एउटै छानो हाम्रो*
*पढ्ने लेख्ने अधिकार छ है यहाँ राम्रो ।*

*जीवनको ताराबनी चर्किदिन सक्छ*
*सारङ्गी र मादल भई घन्किदिन सक्छ ।*
*शिक्षाबिना भित्री मनको ढोका खुल्ने छैन*
*हृदयको फुलबारीमा फूल फुल्ने छैन ।*

सुनिता आलेमगर
श्री जनक मावि, गिम्दी

# बालबालिकाको इच्छा



*सानासाना बालबालिका जीवन यो हाम्रो*
*पढीलेखी ज्ञानी बने भन्छन् सबैले राम्रो*
*हामी खोजौँ मिलिजुली राम्राराम्रा खेल*
*सबैसित राम्रो बोल्छौँ गर्छौँ हामी मेल*

*हात जोडी ईश्वरको भक्ति हामी गर्छौँ*
*ज्ञानी बनी वीर बन्ने शिक्षा हामी खोज्छौँ*
*आमाबुबा सबैले नबिर्सनु होला*
*सबै आफ्ना छोराछोरीलाई स्कुल पढाउनु होला*

निर्जला रुम्बा
श्री जनक मावि, गिम्दी

# छोरीको पिडा




आमा तिमीले जन्म दिई किन छाडि गयौ
कस्ले के-के भन्यो र छिट्टै छाडि गयौ
आज मलाई यो हाल पारि छोडि कहाँ गयौ
म छोरीको के भूल भयो चट्टै छाडि गयौ
नौ महिना पेटमा राखि जन्म मलाई दियौ

म सानै छँदा किन अरुलाई दियौ
कलकलाउँदो बिरुवामा विष हालि गयौ
मलाई छाड्नु थियो त किन जन्म दियौ
जन्म दिई साथ मलाई छोड्ने पाप लियौ

म बाट के भुल भयो नजर अन्तै मोड्यौ
आमा भई आमाको धर्म तिमीले छोड्यौं
आखिर मलाई एक्लै पलपल रुने बनायौ

टाढा राख्नु थियो भने संसार किन देखायौ
आज आएर सबैले सुकेको घाउ कोट्यायौ
यतिखेर साउनेझरी झैं मेरो मन रुन्छ
तिमीलाई मात्र हरपल, हरक्षण सम्झिरहन्छ ।

पानीबिनाको माछाजस्तै छट्पटिन्छ मुटु
आमाको स्नेहबिनाको यो जीवन मन खान्छ कुटु-कुटु
जतातते निरास जिन्दगी बिताउनु परेको छ
निराश मेरो जिन्दगीलाई हाँस्न सिकाउनु परेको छ

तुलसा फुँयाल
श्री जनक मावि, गिम्दी







# भेदभाव

अन्धविश्वास र विकृतिलाई समाजबाट हटाउँ
शिक्षा सेवा देशभरी जताततै बनाउँ

कुरीति र कुसंस्कारलाई देशबाट हटाऔँ
सबै मिली एकजुट भइ देश बनाऔँ

छोरा काख छोरी पाखा नगरौँ कसैले
छोरी पनि स्कुल पठाऔँ गाउँघरमा सबैले

अरु देशको छोरीहरु कहाँकहाँ पुगे
हाम्रा देशको छोरीहरु घाँस दाउरामै डुबे

ईश्वरको छोरो मान्छेको भई मान्छेले छुँदैन
यो भन्दा ठूलो निर्दयी पाप संसारमा हुँदैन

एउटै छ मुटु एउटै छ मर्म एउटै छ ईश्वर
भेद र भाव मेटेर बसौ हाम्रै हो संसार

विशाल घिमिरे
श्री विद्याधिश्वरी मावि, आश्राङ्



# बालअधिकार

कखगघ हामीले पनि पढ्ने
देश विकास गर्न सधैँ अघिअघि बढ्ने

अहिले हामी साना छौँ बाआमाका काखमा
भोलि हामी ठूला हुन्छौँ सर मिसका साथमा

राम्रोसँग पढ्यौँ भने जागीर पाइन्छ
फ्लोरेन्स नाइटिङ्गेलजस्तै नाम कमाइन्छ

आशिक चौधरी
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ

# सिक



*अत्याचारलाई सहेर होइन*
*फलामको साङ्लीले बाँध्न सिक*
*रोएर काललाई पर्खने होइन*
*हाँसेर काललाई बिर्सन सिक*

*भगवानको पूजा गर्ने होइन*
*दुःखीहरूको सेवा र सत्कार गर्न सिक*
*धनीको सम्मान गर्न होइन*
*गरीबको दुःख र कष्ट बुझ्न सिक*

*काटेर लुगा फेसन होइन*
*फाटेको दौरा सिलाएर लाउन सिक*
*शीतले छहरी खोज्ने होइन*
*घाममा पसिना बगाउन सिक*

*कृत्रिमताको साहारा होइन*
*भिंज्दो झरीमा हिंड्न सिक*
*सिसाको महलमा बस्न होइन*
*खरको झुपडीमा बाँच्न सिक ।*

*चिल्ला गाडीमा गुड्न होइन*
*फुटेका पाइतालाले  हिँड्न सिक*
*रोएर काललाई पर्खने होइन*
*हाँसेर काललाई बिर्सन सिक ।*

नवराज घिमिरे
कक्षा : १०
श्री ५ महेन्द्र मावि ठूलादुर्लुङ, ललितपुर

DID YOU KNOW ?

**Butterflies taste with their feet.**



# नबस साथी



*नबस साथी बाँधेर हात*
*देशको विकास गर्नुछ*
*अशिक्षा हटाई मिलेर यहाँ*
*शिक्षाको ज्योति छर्नु छ*

*असभ्य भाषा नबोल साथी*
*नेपाली शिर झुक्दछ*
*वन र जङ्गल नगर विनाश*
*पानीको मूल सुक्दछ*

*हरियो वन नेपालको धन*
*सम्झेर आफ्नै जीवन*
*रोपौँ रुख जोगाऔँ वन*
*नराखौँ खाली जमिन*

*मेहनत गरौँ यही पखेरोमा*
*धानको बाला झुल्दछ*
*लगाए सीप, जोश र जाँगर*
*विकासको ताला खुल्दछ*

*नमानी अल्छी परिश्रम गरे*
*माटोमा मोति फल्दछ*
*बिहानी साँझ मनको माझ*
*हर्षको दियो बल्दछ*

विपिना ढुङ्गाना
कक्षा : ९
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ

# हरेश नखाऔँ

*आकाशमा सूर्यजस्तै*
*सफलतामा धैर्य*
*दुई दिनको जीवनमा*
*नहोउ कहिल्यै अधैर्य*

*उज्यालोभित्रै छ आशा*
*बुझ्नुपर्छ है सबैको भाका*
*मिहिनेतबाट मोती मिल्छ*
*श्रम र सीप तिमी रोप*

*चौबाटो छेउमै छ एउटा बाटो*
*मान्नुपर्छ है मनलाई साँचो*
*छोटो यो जीवनयात्रामा*
*फलोस् फुलोस् सफलताको हाँसो*

रामचन्द्र तिमल्सिना
कक्षा : ८
श्री गुमराङ आवि, ठूलादुर्लुङ

# नेपालको जनतालाई खानी भइसके



*पढ्ने मेरो बानी भइसक्यो*
*पढ्दापढ्दै जिन्दगी जानी भइसक्यो*

*ए देखी जेडसम्म क देखि ज्ञ सम्म*
*नेपाली र अङ्ग्रेजी पानी भइसक्यो*

*बालकलाई हेप्ने बानी भइसक्यो*
*हेप्दाहेप्दै हाम्रो जिन्दगी जानी भइसक्यो*

*देशमा हेप्ने नेतालाई बानी भइसक्यो*
*हेप्दाहेप्दै देश नै जानी भइसक्यो*

*नेपालको जनतालाई खानी भइसके*
*विदेशीले नेपाललाई लानी भइसके*

*हेर नेता नेपालमा आज के भइसक्यो*
*'सुखी, समृद्ध नेपाल' नारा भइसक्यो ।*

समन बस्नेत
कक्षा : १०
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ



# बालअधिकार

*बालअधिकारमा पर्दछ चार ओटा क्षेत्र*
*बनाऔं है साथी बालकलाई नै मित्र*

*जन्म दिने बाआमा शिक्षा दिने गुरु*
*ज्ञानी भई विद्यालय जान्छु खुरुखुरु*

*हामी साना बालक भोलि असल बन्ने छौं*
*सबैजना मिलेर देशको विकास गर्ने छौं*

*एसियाको तारा भनी चिनिएका बुद्ध*
*शान्ति सन्देश दिँदै हिंडे रोकिने छ युद्ध*

सिर्जना थोकर तामाङ
कक्षा : ६
श्री ग्मुमराङ आवि, ठूलादुर्लुङ

# शिक्षाको महत्व



*हामी साना नानीबाबु बन्नुपर्छ ज्ञानी
पढेपछि फुल्छ फल्छ हाम्रो जिन्दगानी
माया गर्ने आमाबाबु ज्ञान दिने गुरु
सत्मार्गलाई पछ्याउँदै हिँड्दै हामीहरु
जिन्दगीको अँध्यारोलाई हटाउन भनि
चेतनाको दियो बाल्न स्कुल जान्छु भनि
पढेपछि डाक्टर पाइलट इन्जिनियर बन्छन्
देश सारा हाँक्ने पनि शिक्षा नै हो भन्छन्
इन्सपेक्टर हाकिम अनि वकिलहरु पनि
पढेर नै राम्रो मान्छे बनेका हुन् भनि
भन्नुहुन्थ्यो मलाई सधैँ घरमा मेरी आमा
मन्त्री बनि शासन गर भन्नुहुन्थ्यो मामा
बाबा सधैँ भन्न हुन्थ्यो कर्मयोगी बन
कहिल्यै पनि नझुकाउनु स्वाभिमानी मन
सधैँ मलाई रहर लाग्यो असल मान्छे हुने
न्यायाधीश बनी न्याय दिने लक्ष्य मैले चुने
आजैदेखि साथीसँगी मिहेनत गरी पढौँ
मनमा उच्च लक्ष्य बोकी जीवन पथमा बढौँ
सानालाई माया गरौं ठूलालाई मान
राम्रो काम गरी सधैं देशको बढाउँ शान
सबैभन्दा ठूलो कुरा शिक्षा हुन्छ साथी
शिक्षाले नै राख्छ हामीलाई सबैभन्दा माथि*

सरोज दाहाल
श्री जनक मावि, गिम्दी



# गीत




दुई दिनको तालिम रै'छ तालिम लिन आयौँ
सबैसँग भेट भयो धेरै खुसी भयौँ
स्कुलमा फर्स्ट एड तालिममा आएको
साथी-भाई सबैसँग भेटघाट भएको ।

स्कुलमा आकस्मिक दुर्घटना हुन्छ
तालिम प्राप्त नभएमा समस्या नै पर्छ
दुई दिनको यो हाम्रो कार्यक्रम
सबै ठाउँमा पुऱ्याउछौँ योगदान ।

दुई दिनको बसाइमा धेरै कुरा लियौँ
लुनिभा: र फिन चर्चलाई धन्यवाद दियौँ
फेरि आवोस् यो खालको तालिम
स्वास्थ्य ज्ञान थपिन्छ हामीमा ।

स्वास्थ्य ज्ञान दिलाउने स्वास्थ्य कर्मीलाई
यो तालिममा आउने अवसर दिलाउनेहरूलाई
आभार प्रकट गर्दछौँ सबैलाई
यस्तो अवसर पाइयोस् है हामीलाई ।

मिनुका दुलाल
श्री ग्रुमराङ आवि, ललितपुर



# देशको मुहार

*बालबालिका हुन् देशका कर्णधार*
*पाउनुपर्छ सबैले बालअधिकार*
*हाम्रो कर्तव्य हो हटाउने अन्धकार*
*हसाउँछौँ अब यो देशको मुहार*

रामचन्द्र तिमल्सिना
कक्षा : ८
श्री ग्रुमराङ आवि, ठूलादुर्लुङ





# बालअधिकार

*आँखा चिम्लिने बानी*
*किन तिमी गर्छौ*
*विपनालाई छोडी किन*
*सपनालाई पुज्छौ*
*धर्तीका कोपिलालाई*
*फूल बन्न रोक्छौ*
*राम्रारामा बानी छाडी*
*नराम्रो किन दोहोऱ्याउँछौ*
*बालअधिकार दिन*
*किन हिच्किचाउँछौ*

रामचन्द्र तिमल्सिना
श्री ग्रुमराङ आवि, ठूलादुर्लुङ

# Find and circle 5 differences





# WINTER WORD SEARCH

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| E | T | C | G | B | W | T | B | X | E | S | S | Y | H | I |
| T | N | A | H | Q | L | W | I | K | Q | E | N | T | O | J |
| A | Y | E | H | I | I | I | A | U | V | F | O | S | L | T |
| L | W | C | Z | N | L | L | Z | O | S | W | W | O | I | S |
| O | I | W | T | O | F | L | L | Z | I | W | G | R | D | E |
| C | I | E | M | W | R | G | Y | P | A | H | O | F | A | W |
| O | R | D | O | W | T | F | W | I | B | R | F | N | Y | O |
| H | S | N | E | E | R | T | E | N | I | P | D | J | S | S |
| C | S | C | T | M | I | T | T | E | N | S | Y | A | N | N |
| T | E | P | A | E | L | C | I | C | I | F | K | O | A | G |
| O | J | E | K | R | H | B | O | O | T | S | W | M | C | I |
| H | Y | U | S | E | F | D | N | I | W | B | W | O | V | V |
| F | I | R | E | P | L | A | C | E | A | O | L | E | E | I |
| A | V | U | C | R | U | G | U | L | N | D | D | C | E | N |
| C | P | Y | I | J | U | U | L | S | U | Q | S | I | Y | G |

## WORDS TO FIND:

BLIZZARD
COLD
FROZEN
HAT
ICE
MITTENS
SNOW
SNOWMAN
WINTER

BOOTS
FIREPLACE
GIVING
HOLIDAYS
ICESKATE
PINETREE
SNOWBALL
SNOWSUIT

CHILLY
FROSTY
GLOVES
HOTCHOCOLATE
ICICLE
SCARF
SNOWFLAKE
WIND

# बालअधिकार



म बालक हुँ, बालअधिकारबाट बञ्चित छु
म बगैंचाको फूलको कोपिला छु
फुलेर सुवास छर्छु
म जस्तै बालबालिकाले पाउनुपर्छ आफ्नो अधिकार
सबैलाई हुनुपर्छ यही सरोकार ।

कोपिला मात्र भएर हुँदैन फूल्न जान्नु पर्दछ
आफ्नो अधिकार खोसेर पनि लिनुपर्छ
मानिसहरु मलाई कोपिला भन्छन्
शिक्षकहरु फुल फुल्नु पर्छ भन्छन्

कोपिला फूल बनेन भने त्यसले बासना छर्न सक्दैन
बासना छर्न नसक्ने  फूल मेरो आँखामा मन पर्दैन
मेरो फूलकोजस्तौ बासना फैलिँदैन तर म नाम फैलाउन सक्छु
आफ्नो अधिकार लिएर सबैलाई चकित तुल्याउन सक्छु ।

मजस्तै बालकहरु सडकमा फोहरहरु बटुल्छन्
केही बालकलाई उसको अधिकार नभई अपहरण गर्छन्
मैले अधिकार नपाए म अधिकारको कुरा उठाउँछु
पाउनु पर्छ मैले आफ्नो अधिकार भनेर देशमा आवाज जगाउँछु

हामीले आफूलाई सक्षम तुल्याउनु पर्छ
हाम्रो परिवारले पनि हाम्रो अधिकारलाई समान अवसर दिनुपर्छ
बालअधिकारका लागि हामीले धेरै सङ्घर्ष गर्नुपर्छ
अब हामीले समाज र देशभर हाम्रो बिचार फिंजाउनुपर्छ

**सुनिल नेगी**
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ

# बालअधिकार

क ख ग घ पढ्ने हामी बालबालिका
समाजको नयाँ पुस्ता हामी बालबालिका
बालबालिकालाई देउ आफ्नो हक, अधिकार
सबैले सम्झने छन् आफु जिम्मेवार

कुरीति, अशिक्षा हटाउँदै स्वच्छ समाज बनाएर
हिँड्नु पर्छ समाज कल्याणको भावना जगाएर
बालबालिकाले गर्नेछन् आफ्नो भूमिका समर्पित
गाउँ-समाज ब्यूझाउँदै मादल घन्काएर



**कविता बाँस्कोटा**
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ

# How to make Peacock



# बालअधिकार



*बालबालिकाहरु भविष्यका कर्णधार*
*दिउँ बालबालिकालाई समानअधिकार*
*प्रगति र उन्नतिलाई साथ राख्नुपर्छ*
*बालअधिकार पाउनलाई शिक्षा लिनुपर्छ ।*

*बालअधिकारभन्दा बाहिरै छन् आज बालबालिका*
*सायद आजको शताब्दी नै यस्तै भएर होला*
*बालबालिकालाई शिक्षा दिएर उठ्छन् भोलि माथि*
*अनिमात्र देशविकास हुन्छ है साथी ।*

*बालबालिकाले नै देशको नाम विश्वमा चम्काउँछन्*
*भाषा, जाति, धर्म सबै चिज झल्काउँछन्*
*आकाशका ताराजस्तै चम्किन सक्छन्*
*डाक्टर, पाइलट, इन्जिनियर आदि बन्न सक्छन् ।*

*पसिनाको सिंचाई गरे धर्ती कल्कलाउँछ*
*बालबालिका भयो भने देश मुस्कुराउँछ*
*दिउँ शिक्षा अब सबै बालबालिकालाई*
*चारैतिर सुगन्धको सुवास छर्नलाई ।*

अस्मिता ढकाल
कक्षा : १०
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ

# आमा

*ब्रम्हाण्डको सत्तामा, ताराजस्तै अटल*
*आकाशको जुन तिमी, चर्को घाममा शीतल*

*टुहुरो भई बाँच्न यहाँ ज्यादै कठिन हुने*
*तिमी टाढा भयौ भने रुन मन लाग्ने*

*आमा तिम्रो यो काखले दुनियाँ रमाउने*
*रोएको भए तिमीले फकाएर हँसाउने*

*सधैं भरी आमा तिमी मसँगै भए हुने*
*आमा तिमी टाढा भयौ मन छटपटिँदै रुने*

पुष्पा गोले
कक्षा : ७
श्री गुमराङ आवि, ठूलादुर्लुङ



# Hidden Pictures

*Can you find these things in the big picture?*






Respect The Old
When You Are YOUNG

Help The Weak
When You Are STRONG

Forgive The Fault
When You Are RIGHT

**Because
One Day In Life
We May Be
Old,Weak 'n wrong.. !!**

"A true artist is not one who is inspired, but one who inspires others."

-Salvador Dali

**My mother said to me,**

'If you are a soldier, you will become a general. If you are a monk, you will become the Pope.' Instead, I was a painter, and became Picasso.

–Pablo Picaso

# बालअधिकार

*बालअधिकार के हो ? अहिले कस्को हातमा छ ?*
*बालअधिकार जन्तु हो कि, कस्तो आत्मा छ ?*
*बालअधिकार पन्छि हो कि उड्छ उड्दैन ?*
*बालअधिकार बस, ट्रक झैं गुड्छ गुड्दैन ?*

*भाषण गर्दा बालअधिकारको नेता ज्यूको ताँती*
*प्रश्न सोध्छन् पत्रकारले उत्तर नानाभाँती*
*बालश्रम, बालयौन शोषण यही हो अधिकार*
*बालअधिकार दिन्छु भन्छन् नेपाल सरकार*

*बालअधिकार, बालशिक्षा, बालकलाई माया*
*राम्रो बाटो हिँडाउने काम आमाको होस् छाँया*
*गुरुवर्ग, बालअधिकार सिकाइदिनु राम्रो*
*बालअधिकार हनन् नहोस् बुझ्नु होलाहाम्रो*

*बालअधिकार हनन गर्ने नगर्नु हो इच्छा*
*मेरो छोटो कविताले यही दिन्छ शिक्षा*
*बुबामुमा गुरुवर्ग बिन्ती बिसाउँछु*
*बालअधिकार हनन भए म त रिसाउँछु*

प्रतिक्षा बाँस्कोटा
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुङ



# चित्रमा सुहाउँदो रंग भर



नाम : ................................................................ कक्षा : ............

विद्यालय : ..............................................

इच्छकु विद्यार्थीर्हरुले माथिको चित्रमा सहुाउदो रगं भरी जून महिना भित्रमा लू निभाः को कार्यालयमा पठाउनपु पर्नेछ । सहभागीहरु मध्येमा उत्कृष्ट सहभागीहरु पुरस्कृत गरिनेछ । निम्न माध्यामिक तह सम्मका विद्यार्थीहरुले मात्र सहभागी हुन पाउनेछन् ।

## बाटो पत्ता लगाउ




यो बाल उद्यानलाई शिक्षा समयानुकूल र बाल सहभागितामा आफ्नो लेखन कलालाई स्थान दिन हामी सम्पूर्ण भाईबहिनीहरुमा हार्दिक अनुरोध गर्दछौं । साथै शिक्षामा विद्यालय, शिक्षक र अभिभावकको पनि भिन्न मत-अभिमत र सुझाव हुने भएकाले, आगामी अङ्कमा सम्पूर्ण इच्छुकहरुलाई आफ्नो लेख रचना पठाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं । शिक्षामा विद्यालय, अभिभावक, विद्यार्थी र शिक्षक र शिक्षामा काम गर्ने संस्थाहरुको भूमिका, दायित्व, सुझाव, गुनासोहरु र अनुभवहरु पठाउन हार्दिक अनुरोध छ ।







2 DAYS Training on SCHOOL-BASED DRR
विद्यालयमा आधारित विपत
जोखिम न्यूनिकरण विषयक दुई दिने तालिम
Date:
Venue:
Organized By:
Supported By:
ACTING AGAINST DISASTER RISKS
FCA
Finn Church Ai







# PACE Creation/4247637

प्रकाशक:

लू निभा: बाल सरोकार समूह
(Loo Niva Child Concern Group)

Interpedia
प्रकाशन सहयोग